जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २५३ | २०८३ साल बैशाख १५ गते मंगलवार | Tuesday-28-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## हिराती चौकमा कृषि उपज संकलन तथा बिक्री केन्द्र सञ्चालन, किसानलाई बजार पहुँच सहज बनाउने लक्ष्य

*शु.आ. संवाददाता*
*बारा, १४ बैशाख*




परवानीपुर गाउँपालिकाको आयोजना तथा रूरल रिक्रिएसन एण्ड एग्रिकल्चर फर्म डेभलपमेन्ट सेन्टर (RRAFDC) बारा को सहजिकरणमा वडा नं. १ र २ को सीमाक्षेत्रमा पर्ने हिराती चौकमा कृषि उपज संकलन तथा व्यवस्थापन केन्द्र औपचारिक रूपमा सञ्चालनमा आएको छ । स्थानीय कृषकहरूले उत्पादन गर्ने तरकारी तथा अन्य कृषि उपजलाई एकीकृत रूपमा संकलन गरी उचित मूल्यमा बिक्री वितरण गर्ने तथा किसानलाई प्रत्यक्ष बजार पहुँच उपलब्ध गराउने उद्देश्यले केन्द्र स्थापना गरिएको हो ।

सोमबार आयोजित उद्घाटन कार्यक्रममा गाउँपालिका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मी, सम्बन्धित वडाका अध्यक्षहरू, अन्य जनप्रतिनिधिहरू, कर्मचारी, कृषक अगुवा, व्यापारी तथा स्थानीयवासीहरूको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष कुर्मीले कृषकहरूको उत्पादनलाई बजारीकरण गर्न स्थानीय तहले प्राथमिकताका साथ काम गरिरहेको बताउँदै यस्ता केन्द्रले किसानलाई आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा सहभागी अन्य वक्ताहरूले समेत कृषि क्षेत्रको आधुनिकीकरण, उत्पादन वृद्धि तथा व्यवस्थित बजार व्यवस्थापनका लागि यस्ता केन्द्रहरूको आवश्यकता औंल्याएका थिए । उनीहरूले बिचौलिया प्रणालीलाई न्यून गर्दै किसानलाई प्रत्यक्ष लाभ दिलाउने माध्यमको रूपमा यस केन्द्रलाई विकास गर्नुपर्नेमा जोड दिएका थिए । उद्घाटनकै दिन केन्द्रमार्फत उल्लेख्य मात्रामा तरकारी कारोबार भएको समितिले जनाएको छ । उपलब्ध विवरणअनुसार करेला, भिन्डी, लौका, खिरा, बोडी, टमाटर, घिरौंला, खुर्सानी र परवल लगायतका तरकारी संकलन भई बिक्री गरिएको थियो । पहिलो दिनमै करिब २० हजार २२५ रुपैयाँ बराबरको कारोबार भएको तथ्यांकले केन्द्रप्रतिको उत्साहजनक सहभागिता देखाएको छ ।

यस केन्द्र सञ्चालनसँगै किसानहरूले आफ्नो उत्पादन घरदैलोमै उचित मूल्यमा बिक्री गर्न सक्ने, ढुवानी खर्च तथा समयको बचत हुने र बजारको अनिश्चितताबाट केही हदसम्म राहत पाउने अपेक्षा गरिएको छ । साथै व्यापारीहरूलाई पनि एकै स्थानबाट गुणस्तरीय तथा ताजा तरकारी सहज रूपमा प्राप्त हुने भएकाले व्यापारिक गतिविधि अझ व्यवस्थित हुने विश्वास लिइएको छ ।

मंगलबारदेखि केन्द्र नियमित रूपमा सञ्चालनमा आउने जनाउँदै कृषि उपज संकलन तथा व्यवस्थापन समितिले सम्पूर्ण कृषक तथा व्यापारीहरूलाई केन्द्रमा आएर तरकारी किनबेच गर्न अनुरोध गरेको छ । स्थानीय तह, सहकारी संस्था तथा सरोकारवाला निकायबीच सहकार्य कायम रहिरहेमा यस प्रकारका पहलले कृषकको आयवृद्धि, रोजगारी सिर्जना तथा समग्र कृषि क्षेत्रको व्यावसायीकरणमा दीर्घकालीन योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## लोककल्याणकारी विज्ञापनको भुक्तानी अनिश्चित, वैशाखमा विल नबुझाउने सूचना जारी

*शु.आ. संवाददाता*
*बारा, १४ बैशाख*




नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतको हुलाक सेवा विभागले चालु आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिकमा लोककल्याणकारी विज्ञापनको भुक्तानीका लागि बजेट अभाव देखिएपछि २०८३ साल वैशाख महिनामा प्रकाशित हुने विज्ञापनको भुक्तानी तत्काल सुनिश्चित नहुने जनाएको छ ।

हुलाक निर्देशनालय, धनुषा तथा जिल्ला हुलाक कार्यालयहरू बारा र पर्साले जारी गरेको सूचनाअनुसार वैशाख महिनामा प्रकाशन हुने लोककल्याणकारी विज्ञापनका लागि सञ्चार माध्यमहरूले "भुक्तानी नहुने शर्तमा" मात्र प्रकाशन गर्न सक्ने उल्लेख गरिएको छ। बजेट थप सुनिश्चित भएपछि मात्रै भुक्तानी गरिने स्पष्ट पारिएको छ ।

जिल्ला हुलाक कार्यालय बारा र वीरगंज, पर्साले सम्पादक तथा प्रकाशकहरूलाई सम्बोधन गर्दै जारी गरेको पत्रमा भनिएको छ कि, विज्ञापन बोर्ड बबरमहल, काठमाडौंको निर्देशनअनुसार हालको बजेट अपुग भएकाले वैशाख महिनामा प्रकाशित विज्ञापनको विल तथा आवश्यक कागजात तत्काल संकलन नगर्न अनुरोध गरिएको हो । बजेट थप भएपछि मात्र सम्बन्धित कागजात पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

विज्ञापन बोर्डले समेत प्रेस काउन्सिल नेपालको आर्थिक वर्ष २०७८/७९ को वर्गीकरणमा परेका पत्रपत्रिकाहरूलाई वैशाख महिनाका लागि लोककल्याणकारी विज्ञापन पठाइसकेको जनाएको छ । तर, सो विज्ञापन प्रकाशन गर्दा तोकिएको कार्यविधि २०८२ अनुसारको आकार, स्थान र मापदण्ड पालना गर्नुपर्नेछ। साथै एउटै विज्ञापनलाई फरक-फरक अंकमा दोहोऱ्याउन नपाइने पनि स्पष्ट गरिएको छ ।

यस निर्णयसँगै सञ्चार क्षेत्र पुनः आर्थिक अन्योलतर्फ धकेलिएको सरोकारवालाहरू बताउँछन् । सरकारी विज्ञापन सञ्चार माध्यमहरूको प्रमुख आम्दानी स्रोतका रूपमा रहेको अवस्थामा भुक्तानी अनिश्चित हुँदा विशेषगरी साना तथा स्थानीय पत्रपत्रिकाहरू थप संकटमा पर्ने देखिएको छ ।

सञ्चारकर्मीहरूका अनुसार, "पहिले नै बक्यौता भुक्तानी नहुँदा समस्या झेलिरहेका मिडियालाई नयाँ सर्तले थप दबाव सिर्जना गरेको छ ।" उनीहरूले सरकारले तत्काल बजेट सुनिश्चित गरी सञ्चार क्षेत्रलाई राहत दिनुपर्ने माग गरेका छन् ।

यता सम्बन्धित निकायहरूले भने बजेट व्यवस्थापन प्रक्रिया अघि बढाइएको र थप बजेट प्राप्त भएलगत्तै भुक्तानी प्रक्रिया अगाडि बढाइने जनाएका छन् ।

## ७ महिनादेखि तलब नपाएको गुनासोः छिपहरमाई गाउँपालिकामा तालाबन्दी, सेवा प्रवाह ठप्प

*राजन कुमार बानियाँ*
*पर्सा, १४ बैशाख*




तलब नपाएको भन्दै पर्साको छिपहरमाई गाउँपालिकामा कार्यरत करारका कर्मचारीहरूले गाउँपालिका कार्यालयमा तालाबन्दी गर्दै धर्ना सुरु गरेका छन् । सोमबार बिहानदेखि कर्मचारीहरू भिस्वास्थित गाउँपालिका कार्यालय अगाडि धर्नामा बसेका हुन्, जसका कारण कार्यालयका सम्पूर्ण कामकाज ठप्प भएको छ ।

कर्मचारीहरूका अनुसार उनीहरूले विगत ७ महिनादेखि तलब पाउन सकेका छैनन् । गाउँपालिका मातहतका वडा कार्यालयहरूमा कार्यरत करिब ५० जना कर्मचारी तलबविहीन अवस्थामा काम गर्न बाध्य भएको बताइएको छ। लामो समयदेखि पारिश्रमिक नपाउँदा दैनिक जीवनयापनमा गम्भीर समस्या उत्पन्न भएको उनीहरूको गुनासो छ ।

वडा नं. ५ का कम्प्युटर अपरेटर लालबाबु महमदले कात्तिक महिनादेखि तलब नपाएको उल्लेख गर्दै म्याद थपसमेत नहुँदा अन्योलमा परेको बताए । "यति लामो समयसम्म तलब नपाउँदा हामी आर्थिक रूपमा निकै अप्ठ्यारोमा परेका छौं," उनले भने ।

कर्मचारीहरूले तलब निकासाका लागि प्रमुख प्रशासकीय अधिकृत तथा लेखा शाखासँग पटक-पटक समन्वय गरे पनि कुनै ठोस पहल नभएको आरोप लगाएका छन् । उनीहरूका अनुसार समस्या समाधानतर्फ सम्बन्धित निकायले गम्भीरता नदेखाएपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेको हो ।

कर्मचारीहरूको आन्दोलनका कारण गाउँपालिका कार्यालयसहित पाँचवटै वडा कार्यालयबाट प्रदान गरिने सेवा पूर्ण रूपमा प्रभावित भएको छ । सेवाग्राहीहरू सामान्य प्रशासनिक कामका लागि समेत कार्यालय धाउन बाध्य भए पनि सेवा नपाउँदा निराश भएका छन् ।

यस विषयमा प्रतिक्रिया लिन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कादिर बाबु देवानसँग सम्पर्क गर्न खोजिए पनि सम्पर्क हुन सकेन । स्रोतका अनुसार उनको स्थानमा संजीव कुमार साहको सरुवा भएको बताइए पनि उनी हालसम्म हाजिर नभएकाले प्रशासनिक अन्योल झनै बढेको छ ।

कर्मचारीहरूले तत्काल तलब निकासा नभए आन्दोलनलाई अझ सशक्त बनाउने चेतावनी दिएका छन् । स्थानीय तहमा देखिएको यो अवस्था समाधानतर्फ सरोकारवाला निकायले चासो नदिए सेवा प्रवाह अझ प्रभावित हुने देखिएको छ ।

## ९ वर्ष पछि जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं. ६ ले पाए आफ्नै कार्यालय भवन

*अखिलेश कुमार यादव*
*सिमरा, १४ बैशाख*



बाराको जीतपुरसिमरा उपमहानगरपालिका-६ मा नवनिर्मित वडा कार्यालय भवनको सोमबार एक समारोहबीच औपचारिक उद्घाटन गरिएको छ । मधेश प्रदेश सभा सदस्य देवनारायण चौधरीले रिबन काट्दै भवन उद्घाटन गरेपछि वडाले आफ्नै संरचनाबाट सेवा प्रवाह सुरु गरेको हो । स्थानीय तह स्थापना भएको झन्डै ९ वर्षपछि वडा नं. ६ ले भाडाको भवनबाट सेवा दिने बाध्यता अन्त्य गर्दै सुविधा सम्पन्न आफ्नै कार्यालयमा सरेको छ । पाँच कोठे आधुनिक संरचनामा कार्यालय सञ्चालनमा आएपछि सेवा प्रवाह अझ व्यवस्थित, छरितो र पहुँचयोग्य हुने अपेक्षा गरिएको छ । वडाध्यक्ष कैमुदिन अन्सारीले आफ्नै भवनबाट सेवा दिन पाउँदा कर्मचारी र वडाबासी दुवै उत्साहित भएको बताए । "साँघुरो र सीमित संरचनाबाट सेवा दिनुपर्ने अवस्था अब समाप्त भएको छ । अब व्यवस्थित रूपमा सेवा दिन सकिने भएको छ, यो वडाबासीका लागि ठूलो उपलब्धि हो," उनले भने ।

उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि मधेश प्रदेश सभा सदस्य देवनारायण चौधरीले स्थानीय तहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधारको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे । "संरचना बलियो भए सेवा पनि बलियो हुन्छ । जनताको नजिकको सरकारलाई थप जिम्मेवार र परिणाममुखी बनाउन यस्ता पूर्वाधारले ठूलो टेवा पुऱ्याउँछ," उनले बताए ।

कार्यक्रममा नगरप्रमुख राजन पौडेलले उपमहानगरभित्रका २४ वडामध्ये २३ वटा वडा कार्यालय आफ्नै भवनबाट सञ्चालनमा आइसकेको जानकारी दिए । वडा नं. २४ को भवन साइड क्लियरेन्सका कारण उद्घाटन हुन बाँकी रहेको उनले स्पष्ट पारे । "हामी प्रविधिमैत्री र सेवामैत्री प्रशासनतर्फ अघि बढिरहेका छौं । आफ्नै भवनबाट सेवा दिन थालेपछि नागरिकले सहज र छरितो सेवा पाउनेछन् भन्ने हाम्रो विश्वास छ," उनले भने ।

उपमहानगरपालिकाको करिब ५५ लाख रुपैयाँ लागतमा निर्माण भएको उक्त भवनमा आवश्यक भौतिक सुविधा व्यवस्थापन गरिएको छ । भवन निर्माणका लागि जग्गा दान गर्ने बदरुल होदा अन्सारी र समिम रेजा अन्सारीलाई कार्यक्रममा दोसल्ला ओढाएर सम्मान गरिएको थियो । उद्घाटन कार्यक्रममा उपप्रमुख भोला प्रसाद अधिकारी, प्रमुख प्रशासकीय अधिकृत डम्बरु प्रसाद निरौला, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीको उल्लेख्य उपस्थिति रहेको थियो ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

### सीमामा कडाइको दाबी, तर तस्करीको यथार्थः जिम्मेवारी कसको?

नेपाल-भारत सीमामा कडाइ गरिएको सरकारी दाबीबीच पनि बारा जिल्लाका विभिन्न नाकाबाट अवैध तस्करी खुलेआम मौलाउँदै गएको आरोप गम्भीर रूपमा उठ्न थालेको छ । मुसहर्वा, छतवा, बलरामपुर, मटिअर्वा, कवहिगोठ र सिम्रौनगढ जस्ता नाकाहरूबाट कपडा तथा अन्य सामग्रीको अवैध ओसारपसार निरन्तर भइरहँदा सीमाक्षेत्रको सुरक्षा व्यवस्थामाथि नै प्रश्न उठेको छ ।

स्थानीयवासीका अनुसार सुरक्षाकर्मीको उपस्थिति र निगरानीबीच नै रातिको समयमा संगठित समूहहरूले ठूलो परिमाणमा सामान भित्र्याउने क्रम चलिरहेको छ । दिनमा कडाइ देखिने तर राति सहजता देखिने अवस्थाले सीमा व्यवस्थापनमा दोहोरो चरित्र झल्किएको स्थानीयको आरोप छ ।

एकातर्फ सरकारले १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा भन्सार कडाइका साथ लागू गरेको छ भने अर्कातर्फ सामान्य उपभोक्ता मात्रै कडा जाँच र दुर्व्यवहारको सामना गर्न बाध्य छन् । साना किनमेल गर्ने सर्वसाधारणमाथि हुने कडाइ र ठूला तस्करी समूहप्रति देखिने उदासीनताले प्रणालीगत असन्तुलन स्पष्ट पार्छ ।

स्थानीय स्तरमा उठिरहेका प्रश्नहरू गम्भीर छन्—के सीमामा नियन्त्रण केवल कमजोर वर्गमाथि मात्रै लागू भएको हो? करोडौं मूल्यका अवैध कारोबार सहजै भइरहँदा सुरक्षा संयन्त्र किन प्रभावकारी बन्न सकिरहेको छैन?

सुरक्षाकर्मीले भने सीमामा निगरानी कडा पारिएको र अवैध गतिविधि नियन्त्रणका लागि प्रयास जारी रहेको दाबी गर्दै आएका छन् । तर, निरन्तर देखिने यस्ता घटनाले उक्त दाबी र वास्तविकताबीच ठूलो दूरी रहेको संकेत गर्छ ।

विशेषज्ञहरूको चेतावनी झनै गम्भीर छ । यदि सीमा क्षेत्रमा भइरहेको अवैध कारोबार तत्काल नियन्त्रणमा ल्याइएन भने राज्यको राजस्वमा मात्र होइन, अपराधजन्य गतिविधिको विस्तारमा समेत यसले प्रत्यक्ष प्रभाव पार्नेछ ।

यस अवस्थामा आवश्यक छ—कागजी कडाइ होइन, व्यवहारिक र निष्पक्ष कार्यान्वयन । सीमा व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र समानता कायम नगरेसम्म कडाइको दाबी केवल औपचारिक भाषणमै सीमित रहनेछ ।

# आदर्शको अन्तिम अवसान



मेखराज उदय

अब केवल 'कम्युनिस्ट' नाम र साइनबोर्डले मात्रै जनताको विश्वास जित्न सम्भव छैन ।

हाम्रो समाजमा प्रचलित निकै मर्मस्पर्शी एक उखान छ, 'भेडाले आफ्नो सारा जीवन ब्वाँसोस"ग डराएर बिताउँछ, तर अन्त्यमा ऊ गोठालोद्वारा नै खाइन्छ ।' वामपन्थी प्रगतिशील दल, संस्था र नागरिक चेतनाको कमजोर उपस्थिति र भूमिकाप्रति यो उखानको मर्म मिल्न सक्छ । नागरिकले जसलाई दशकौं विश्वास गरे, आखिर तिनैले धोका दिए । केही वर्षअघिसम्म वामपन्थी शक्तिप्रति जनअपेक्षा, विश्वास र समर्थन बलियो थियो । किनभने समाजमा वामपन्थीहरू प्रगतिशील, रुढिवादमुक्त, क्रान्तिकारी हुन्छन् भन्ने मान्यता स्थापित छ । मार्क्स–लेनिन–माओवादी अर्थात् कम्युनिस्टहरू प्रतिक्रियावादी, भूराजनीतिक चलखेल, दलाल पु"जीवाद, सुकिला मुकिला आदि अमूर्त, अमुक शक्तिप्रति आक्षेप लगाउने गर्छन् । आत्मसमीक्षा र आफ्नो कमजोरी कहिल्यै नदेख्ने वामपन्थी शक्ति अद्यपि पतनको बाटो रोज्दैछन् । आफूलाई कहिल्यै समयानुकूल परिमार्जन नगर्ने, सिद्धान्त र व्यवहारको अवलोकन र मूल्यांकन नगर्ने तथा अदृश्य, अपुष्ट शक्तिलाई दोषारोपण गर्ने वामपन्थीहरूको परम्परागत महारोग हुन् । यता जननिर्वाचित सरकारबाट सहिदको रगत, बलिदानी, संघर्षद्वारा प्राप्त उपलब्धि खोसिन सक्ने खतरा पहाड झैं उभिएको संकेत बुझ्नु जरुरी छ ।

भौतिक, जैविक उपस्थिति प्रमाणित गर्न असम्भव र वाल्मीकि रामायण कथाका एक प्रमुख पात्र हुन्, श्रीराम । उनी ठोरीमा जन्मिएको मनगढन्त बालहठ ग्रस्त ओली मनस्थितिबाट नेपाली जनमानसले पर्याप्त मनोरञ्जन प्राप्त गऱ्यो । भौतिक पूर्वाधार, विद्यालय, कलेज, अस्पताल र जनताको आवास निर्माणमा भन्दा मठमन्दिर निर्माण, उपयोगीताविहीन भ्यु टावर, धार्मिक अनुष्ठानहरूमा बढी खर्च गर्ने वामपन्थी प्रधानमन्त्री, अर्थमन्त्री र अन्य मन्त्री नै अधिक छन् । त्यतिमात्रै होइन, वामपन्थी दलको टिकट र मतद्वारा निर्वाचित स्थानीय तहका जनप्रतिनिधि तथा वामपन्थी दल नेतृत्वको वा सम्मिलित प्रदेश सरकार रुढिवाद जीवन्त राख्ने संरचना जगेर्ना गर्ने कार्यमा बजेट दुरुपयोग गर्ने कार्यमा अत्यधिक संलग्न छन् । अर्थात स्थानीय तह तथा प्रदेश सरकार विद्यालय, अस्पताल, सार्वजनिक शौचालय, प्रहरी चौकी आदि निर्माणमा भन्दा मठमन्दिर, धार्मिक संरचना निर्माणमा बढी खर्च गर्न अग्रसर छन् ।

हामीलाई शिक्षाविद्, वैज्ञानिक, प्राविधिक, इन्जिनियर आदि उत्पादन गर्नु छैन, बरु धार्मिक अतिवादीहरू जन्माउनु पर्ने लक्ष्य छ, तर किन ? दसवर्षे सशस्त्र विद्रोहबाट उदाएका तथा आफूलाई खा"टी क्रान्तिकारी कम्युनिस्ट ठान्ने पुष्पकमल दाहालको भैंसी पूजा, भारत उज्जैनस्थित महाकालेश्वरको गेरुवस्त्रधारी पूजाअर्चना पनि देख्यौं । २०८० सालमा उनी प्रधानमन्त्री भएका बखत भारतको औपचारिक भ्रमण गरेका थिए र त्यतिबेला दाहाल महाकालेश्वर मन्दिर पुगेका हुन् । शास्त्रीय मार्क्सवादी सिद्धान्तविपरीत वामपन्थीहरू नवधनाढ्यमा गनिन्छन् । उनीहरूको मूल मान्यताविपरीतको संसदीय व्यवस्थामा सबैभन्दा बढी लिप्त र भ्रष्ट बन्न पुगे वामपन्थीहरू । मार्क्स–लेनिन–माओले के भने, उनीको सिद्धान्त के हो भन्ने सवाल अब मुख्य रहेन, बरु कमरेडहरूको व्यवहार, चालढाल हेर्ने र मूल्यांकन गर्ने जागरिक तयार भएका छन् । केवल नेताहरूले बुझ्न ढिला गरे ।

समयको पदचाप पछ्याउँदै जडता त्यागेर वैचारिक रूपान्तरण गर्नु अनिवार्य छ ।

अव्यावहारिक शास्त्रीय समाजवादको साटो लोककल्याणकारी र उन्नत लोकतान्त्रिक राज्य निर्माणको सामूहिक लक्ष्य लिनु नै वामपन्थी राजनीतिको सुरक्षित भविष्य र अन्तिम विकल्प हो ।

विश्वमा अब कोही कम्युनिस्ट रहेन । कम्तीमा नेपालमा कम्युनिस्ट पार्टीको नाम, साइन बोर्ड, ब्यानरबाहेक कोही कम्युनिस्ट छैन । खासमा कोही कम्युनिस्ट किन बन्नुपऱ्यो ? अब त वामपन्थीहरूको वैचारिकी र भाष्य बदल्नुपर्ने आवश्यकता छ । वामपन्थीहरूको 'अन्त्येष्टि–उन्मुख' अवस्था कसरी आयो ? यो विचारणीय प्रश्न हो । खासमा मार्क्सवादको मूल सिद्धान्त र विचारमै खोट वा समस्या छ, जसले विश्वभरि नै यो आज पतनोन्मुख भएको छ । मार्क्सवाद र मार्क्सवादी दुवै संकटमा छन् । विश्वमा मार्क्सले भनेको जस्तो सर्वहारा क्रान्ति कहिल्यै र कतै भएन । क्रान्तिका लागि मानसिक पक्षको महत्वपूर्ण भूमिका हुन्छ । जो वर्ग दैनिक हातमुख जोर्ने चिन्ता र मजबुरीमा सारा जीवन बिताउन बाध्य छन्, उक्त वर्ग आफैं क्रान्ति गर्न सक्षम हु"दैन । तथापि क्रान्ति सुरु भएपछि उनीहरू आफ्नो भूमिका निभाउन भने सक्छन् । क्रान्ति सुरुवात गर्ने काम साना पु"जीपति वा मध्यमवर्गीय व्यवसायी (जसलाई पिटिट बुर्जुवाजिज भनिन्छ) जस्तैः पढेलेखेका, बुद्धिजीवी, कर्मचारी, साना व्यापारी आदि हुन् ।

मार्क्सवादको इतिहासवादमा हेत्वाभास (फल्लेसी) छ । रुसी क्रान्तिले त्यसलाई नंग्याइदिएको थियो । सन् १९२६ मा स्टालिनले रुसी कम्युनिस्ट पार्टीको कंग्रेसमा यस्तो घोषणा गरे, 'समझदार मार्क्सवादीका अनुभवमा हामीले सैद्धान्तिक मान्यतामा पुनर्विचार गर्नुपर्ने आवश्यकतालाई बुझ्नु पर्दछ ।' यस सन्दर्भमा स्टालिनजस्तै लेनिनसमेत मार्क्सवादी क्रान्ति सिद्धान्तको अपर्याप्तताप्रति सचेत वा जागरुक थिए ? त्यो सत्य जान्न अब सम्भव छैन, तथापि यो सत्य भने स्पष्ट छ, मार्क्सवादी क्रान्ति सिद्धान्तको अपर्याप्तताका कारण नै रुसी क्रान्तिको पतन हुन पुग्यो (एम.एन. राय, पु. इन्ट्रडक्सन) ।

रुस र चीन दुवै मुलुकमा मार्क्सको दाबीबमोजिमको सर्वहारा वर्गको नेतृत्वमा क्रान्ति सम्पन्न भएको होइन । तत्कालीन समयमा रुस र चीन दुवै देश औद्योगिक मुलुक थिएनन्, जहा" सर्वहारा वर्गको प्रभुत्व होस् । रुसका जार निकोलस (१८९४–१९१७) रुसी साम्राज्यका अन्तिम सम्राट् थिए । कमजोर निर्णय क्षमता भएका उनी पहिलो विश्वयुद्धमा हार व्यहोरे । पछि उनी निरंकुश शासक बने । सन् १९०४-०५ को युद्धमा रुस जापानस"ग निरीहतापूर्ण ढंगले हार व्यहोर्न पुग्यो । र रुसी जनताले त्यो हारको सम्पूर्ण दोष जारमाथि थोपरिदिए । लेनिनको नेतृत्वमा १९१७ मा रुसी क्रान्ति सफल बन्यो । तत्पश्चात जारको परिवारसहित हत्या गरियो । लेखक एम.एन. रायका अनुसार सैद्धान्तिक दृष्टिबाट हेर्दा रुसी क्रान्ति सर्वहाराको क्रान्ति थिएन । 'त्यो त्यस्तो क्रान्ति थिएन, जस्तो मार्क्सका अनुसार अत्यधिक विकसित पु"जीवादी मुलुकमा सुरु हुनु पर्दथ्यो । रुसी क्रान्ति बुर्जुवा वा बढीमा मिश्रित क्रान्ति थियो ।' अर्थात्, जसमा केही चिज बुर्जुवा र केही सर्वहारा क्रान्तिका थिए ।

दुवै मुलुकमा किसान तथा अन्य वर्गको सहयोगमा सत्ता कब्जा गरियो । ज्ञातव्य रहोस्, सर्वहारा वर्ग यदि कही" हुने सम्भावना रहन्थ्यो भने, पश्चिमा अतिविकसित औद्योगिक देशहरूमा मात्रै सम्भव थियो । परन्तु त्यहा" पनि सर्वहारा वर्गको अस्तित्व थिएन, किनकि औद्योगिक मुलुकमा मजदुरहरू सर्वहारा बन्ने कुरा कुनै औचित्य नै थिएन । जब उनीहरू काम गर्थे उनीहरूले आय आर्जन गर्थे र सामान्य जीवन जिउथे । जब कोही आर्य आर्जन गर्छन् उनीहरू सर्वहारा कसरी बन्न सक्छन् ? यही दार्शनिक कारण हो, कुनै पनि औद्योगिक माध्यमबाट समृद्ध बनेका देशमा कहिल्यै न सर्वहारा वर्गको जन्म भयो न ती मुलुकमा अहिल्यै सर्वहारा वर्गको क्रान्ति नै ।

चीनमा पनि उही हाल भयो । अध्यक्ष माओ त्से तुङको नेतृत्वमा एक सामाजिक, राजनीतिक क्रान्ति भयो, जसले जनवादी गणतन्त्र चीनको स्थापना गऱ्यो । १९३७ मा जापानद्वारा चीनमाथि आक्रमण गरी हजारौं किसानको हत्या गऱ्यो । त्यसकारण चिनियाँ जनतामा जापानविरुद्ध आक्रोश बढ्यो । त्यसको नेतृत्व चिनियाँ कम्युनिस्ट पार्टीले गऱ्यो । १९४५ मा अमेरिकाले जापानमाथि परमाणु बम खसालेपश्चात जापान कमजोर हुन पुग्यो । सोही मौकामा चिनियाँ क्रान्ति देश प्रेम तथा स्वतन्त्रता संग्रामका कारण आयो, न कि मार्क्सको योजना मुताविक ।

विज्ञान भन्छ, कुनै पनि वस्तु वा चिज स्थायी छैनन्, बरु परिवर्तनशील छन् । तथागत बुद्धको पनि यही मान्यता थियो । उनी भन्छन्– 'कुनै पनि वस्तु शाश्वत छैन ।' शाश्वत (इटरनल) अर्थात् अविनाशी, नित्य, चिरस्थायी वा अनन्त । मार्क्सवादमा यसलाई द्वन्द्वात्मकता (डाइलेक्टिक्स) भनिएको छ । मार्क्सवादले मानव सभ्यतालाई चार भागमा विभाजित गरेको छ । पहिलो, आदिम साम्यवाद, त्यसपछि, दास प्रथा (युग), तेस्रो, सामन्तवाद र चौथो, पु"जीवाद । अब यसको समुन्नतिबाट समाजवाद आउने भविष्यवाणी गर्छन् । तत्पश्चात् वर्गविहीन, राज्यविहीन व्यवस्था अर्थात् साम्यवादमा पुगिन्छ । मार्क्सवादी सिद्धान्त विज्ञानको मान्यताविपरीत देखिन्छ । अर्थात्, साम्यवाद शाश्वत हुनेछ ।

नेपालमा २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको गठन भयो । सुरुआतदेखि नै जनवादी क्रान्तिको आवश्यकता देख्यो र लक्ष बनायो । चर्चित झापा विद्रोह हुँदै नेकपा माओवादीले २०५२ सालबाट सशस्त्र विद्रोहको सुरुआत गऱ्यो । त्यो त्रासदीपूर्ण हिंसात्मक विद्रोहलाई बाह्रबु"दे सम्झौतामार्फत शान्तिपूर्ण र जनमतद्वारा शासन गर्ने युगमा माओवादी प्रवेश गरे । शान्तिपूर्ण मार्गमा प्रवेश गरेसँगै माओवादी अनगिन्ती फुटको भासमा भासिन पुग्यो । यस्तो हुनुमा संसदीय व्यवस्थाको मोहमात्रै होइन, मार्क्सवादी सिद्धान्तको जडता र समस्या प्रमुख कारण हुन् । अब माओवादी अध्यक्ष पुष्पकमल दाहाल राष्ट्रिय जनमोर्चा वा मोहनविक्रम सिंहपथमा आइपुगेका छन् । उसो त सत्तासीन दल रास्वपामाथि विचारविहीनताको आरोप लाग्ने गरेको छ । त्यसको यथोचित जवाफ रास्वपाले नै दिँदै जाला, यद्यपि सिद्धान्त एकातिर र व्यवहार अर्कोतिर गर्नु पनि सिद्धान्तहीन बन्नु समान नै हो ।

निष्कर्षमा भन्नुपर्दा- सिद्धान्त र व्यवहारबीचको तीव्र अन्तर नै आजको वामपन्थी राजनीति र मार्क्सवादी दर्शन संकटमा पर्नुको मुख्य कारण हो । मार्क्सले परिकल्पना गरेको 'सर्वहारा क्रान्ति' र 'साम्यवाद' वैज्ञानिक र व्यावहारिक कसीमा खरो उत्रिन सकेन, जसको उदाहरण रसिया र चीनको इतिहासले देखाएको छ । नेपालमा पनि कम्युनिस्ट नेताहरू क्रान्तिकारी आदर्श छाडेर संसदीय सत्ता, भ्रष्टाचार र रुढिवादी आचरणमा लिप्त हुनुले यो शक्ति 'अन्त्येष्टि-उन्मुख' देखिएको छ । अब केवल 'कम्युनिस्ट' नाम र साइनबोर्डले मात्रै जनताको विश्वास जित्न सम्भव छैन । समयको पदचाप पछ्याउँदै जडता त्यागेर वैचारिक रूपान्तरण गर्नु अनिवार्य छ । तसर्थ, अव्यावहारिक शास्त्रीय समाजवादको साटो लोककल्याणकारी र उन्नत लोकतान्त्रिक राज्य निर्माणको सामूहिक लक्ष्य लिनु नै वामपन्थी राजनीतिको सुरक्षित भविष्य र अन्तिम विकल्प हो



## अन्तराष्ट्रिय समाचार

# भारत-न्यूजील्याण्डबीच स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर, शतप्रतिशत भारतीय निर्यात करमुक्त

*नयाँदिल्ली-* भारत र न्यूजील्याण्डबीच द्विपक्षीय व्यापार सम्बन्धमा सोमबारदेखि नयाँ युगको सुरुवात भएको छ । दुई देशले ऐतिहासिक स्वतन्त्र व्यापार सम्झौता (एफटिए) मा हस्ताक्षर गरेका छन्, जसले व्यापार, लगानी र रोजगारको क्षेत्रमा आमूल परिवर्तन ल्याउनेछ ।

यो महत्त्वपूर्ण सम्झौतालाई वाणिज्य मन्त्री पीयूष गोयल र उनका न्यूजील्याण्ड समकक्षी टोड म्याकलेको उपस्थितिमा आधिकारिक बनाइएको थियो । यो सम्झौतालाई भारतीय अर्थव्यवस्था र निर्यातकर्ताहरूका लागि विश्व बजारमा ठूलो कूटनीतिक र आर्थिक विजय मानिन्छ ।

यस एफटिएको सबैभन्दा उल्लेखनीय विशेषता यसको गति हो । सन् २०२५ मार्च १६ मा सुरु भएको वार्ता नौ महिनाभित्र सम्पन्न भएको थियो । यो सम्झौता लागू भएसँगै भारतीय सबै उत्पादनहरूमा तत्काल शत प्रतिशत कर मिनाह हुनेछ । बदलामा न्यूजील्याण्डबाट भारत आउने कुनै पनि वस्तुमा कर लाग्ने छैन ।

हाल न्यूजिल्याण्डले भारतबाट निर्यात हुने करिब ४५० वस्तुमा १० प्रतिशत कर लगाउने गरेको छ । नयाँ सम्झौता अन्तर्गत यो शुल्क हटाइनेछ, जसले भारतीय कपडा र तयारी पोशाक, छाला उद्योग, टोपी, सेरामिक्स, कार्पेट र सवारी साधन र तिनका पार्टपुर्जाको निर्यातलाई ठूलो बढावा दिनेछ । यसको बदलामा भारतले न्यूजील्याण्डबाट आउने ९५ प्रतिशत सामानमा पनि छुट दिएको छ वा ट्यारिफ घटाएको छ ।



व्यापार सहजीकरणको साथसाथै यस एफटिएको एक प्रमुख स्तम्भ विदेशी लगानी हो । सम्झौता अन्तर्गत न्यूजील्याण्डले आगामी १५ वर्षमा भारतमा २० अर्ब डलर लगानी गर्ने प्रतिबद्धता जनाएको छ । यो लगानी भारतसँग युरोपेली स्वतन्त्र व्यापार सङ्घ (इएफटिए) ले हस्ताक्षर गरेको सम्झौतामा प्रस्तावित १०० अर्ब डलरको लगानी ढाँचाको आधारमा हो । एक महत्त्वपूर्ण रणनीतिक कदममा भारतले आफ्नो संवेदनशील घरेलु कृषि र दुग्ध क्षेत्रलाई यस एफटिएको दायराबाट पूर्ण रूपमा बाहिर राखेको छ । दूध, क्रीम, दही र चीजजस्ता सबै दुग्ध उत्पादनहरू साथै अन्य कृषि उत्पादनहरू आयातबाट छुट दिइएको छैन, जसले गर्दा भारतीय किसान र स्थानीय दुग्ध उद्योगको हितको रक्षा सुनिश्चित भएको छ ।

विद्यार्थी र पेशेवरका लागि नयाँ ढोका आर्थिक मोर्चा बाहेक, यो एफटिए कामकाजी पेशेवर र विद्यार्थीहरूको गतिशीलताको लागि कोशेढुङ्गा साबित हुनेछ ।

विद्यार्थीहरूलाई राहत: न्यूजील्याण्डले पहिलो पटक विश्वव्यापी रूपमा कुनै देशसँग विद्यार्थी आवागमन र 'पोस्ट स्टडी वर्क भिसा'को लागि सम्झौता गरेको छ । अब भारतीय विद्यार्थीहरूले अध्ययनको क्रममा प्रति हप्ता २० घण्टासम्म काम गर्न सक्षम हुनेछन् र विस्तारित 'पोस्ट-स्टडी वर्क भिसा'को लाभ प्राप्त गर्नेछन् ।

उच्च तलब पाउने रोजगारीको खोजीमा रहेका कुशल भारतीय पेशेवरहरूका लागि सम्झौतामा पाँच हजार अस्थायी रोजगार भिसाको विशेष कोटा तय गरिएको छ । यसमार्फत पेशेवरहरूले न्यूजील्याण्डमा तीन वर्ष बस्न र काम गर्न सक्नेछन् ।

सम्झौताले एक विशेष वर्किङ होलिडे भिसा कार्यक्रमको पनि व्यवस्था गरेको छ, जसले एक हजार युवा भारतीयहरूलाई प्रति वर्ष १२ महिनाको लागि न्यूजील्याण्डमा प्रवेश गर्न सहज गराउनेछ ।

भारत र न्यूजील्याण्ड बीचको यो स्वतन्त्र व्यापार सम्झौताले दुवै देशको अर्थव्यवस्थाको लागि अवसरहरू सिर्जना गर्दछ । जबकि भारतका निर्यातकर्ता र कुशल जनशक्तिले प्रत्यक्ष लाभ उठाउनेछ, न्यूजील्याण्डले विशाल र उदीयमान बजारमा सहज पहुँच पाउनेछ । महत्त्वपूर्ण क्षेत्रहरू (जस्तै डेरी) लाई सुरक्षित गर्दै विदेशी लगानी आकर्षित गर्ने यो नीतिले भारतलाई भविष्यमा विश्वव्यापी आपूर्ति शृङ्खलामा एक बलियो र भरपर्दो साझेदारको रूपमा स्थान दिनेछ ।

सम्झौताबारे वाणिज्यमन्त्रीको भनाइ भारत-न्यूजील्याण्ड मुक्त व्यापार सम्झौतामा हस्ताक्षर गर्ने क्रममा केन्द्रीय वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलले भने, 'हामी विश्व अर्थतन्त्रको पुनर्संरचना भइरहेको यस्तो समयमा बैठक गरेका छौँ । विश्व अर्थतन्त्रको पुनर्संरचना भइरहेका, सीमाहरू पुनः कोरिरहेको र राष्ट्रहरूले आफ्ना साझेदारहरू छानिरहेको समयमा आफ्नो भविष्यको बाटो तय गरिरहेका छन् ।'

उनले भने, 'यो बदलिँदो युगमा भारत र न्यूजील्याण्डले एक अर्कालाई रोजेका छन् । भारत-न्यूजील्याण्ड स्वतन्त्र व्यापार सम्झौता नौ महिजाको छोटो अवधिमा सम्पन्न भएको छ । यो गतिले हाम्रा देशहरूबीचको गहिरो विश्वास र साझा महत्वाकांक्षालाई प्रतिबिम्बित गर्दछ ।'

उनले थपे, 'यस एफटिएमा हस्ताक्षर विकसित देशहरूसँग भारतको सम्बन्धमा अर्को महत्त्वपूर्ण कोशेढुंगा हो र हामीलाई प्रधानमन्त्री मोदीको 'विकसित भारत २०४७' को दृष्टिकोणको नजिक ल्याउँछ । यो पछिल्लो साढे तीन वर्षमा मेरो सातौं एफटिए हो, र दुई थप सम्झौताहरू हुन बाँकी छन् । आगामी केही महिनामा ईयू र अमेरिकासँग सम्झौता हुनेछ ।'






# बैधनाथ आमा तथा बाल अस्पतालको अध्यक्षमा सुधीर प्रसाद सिंह नियुक्त

***शु.आ. संवाददाता***
***सर्लाही, १४ वैशाख***

सर्लाहीको धन्कौल गाउँपालिकामा रहेको बैधनाथ आमा तथा बाल अस्पतालको अध्यक्ष पदमा समाजसेवी सुधीर प्रसाद सिंह नियुक्त भएका छन् । मधेश प्रदेश सरकारले गरेको उक्त नियुक्तिसँगै अस्पतालको सेवा प्रवाह अझ प्रभावकारी र व्यवस्थित हुने अपेक्षा गरिएको छ ।

५० शैयाको प्रादेशिक अस्पतालका रूपमा सञ्चालन हुँदै आएको यस संस्थाले विशेषगरी आमा तथा बालबालिकाको स्वास्थ्य सेवामा केन्द्रित रही ग्रामीण भेगका नागरिकलाई सेवा प्रदान गर्दै आएको छ । नयाँ नेतृत्व आएसँगै सेवा विस्तार, व्यवस्थापन सुधार तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा थप गति आउने विश्वास गरिएको छ ।स्थानीयवासी तथा सरोकारवाला निकायहरूले सिंहको नियुक्तिलाई सकारात्मक रूपमा लिँदै उनको अनुभव, नेतृत्व क्षमता र समाजसेवामा देखिएको सक्रियताले अस्पताल व्यवस्थापनमा सुधार आउने अपेक्षा व्यक्त गरेका छन् । विभिन्न राजनीतिक दल, सामाजिक संघ-संस्था तथा स्थानीय प्रतिनिधिहरूले समेत उनलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिएका छन् ।



यसैबीच, नेपाली कांग्रेस मधेश प्रदेश सूचना तथा सञ्चार विभागका सचिव निकेश त्रिपाठी ले सिंहको नेतृत्वमा अस्पतालले नयाँ उचाइ हासिल गर्ने विश्वास व्यक्त गरेका छन् । उनले स्वास्थ्य क्षेत्रको सुधार तथा नागरिकलाई सर्वसुलभ सेवा उपलब्ध गराउने कार्यमा सिंहको भूमिका महत्वपूर्ण रहने बताएका छन् ।

नयाँ नेतृत्वसँगै विशेषगरी मातृ तथा शिशु स्वास्थ्य सेवामा सुधार, पूर्वाधार विकास र सेवा पहुँच विस्तारमा ध्यान केन्द्रित गरिने अपेक्षा गरिएको छ ।

# पूर्वविशिष्ट पदाधिकारीले विदेशमा उपचार गर्दा सरकारबाट खर्च नपाउने सर्वोच्च अदालतको फैसला

***काठमाडौं, १४ बैशाख***

सर्वोच्च अदालतले पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख र पूर्वप्रधानन्यायाधीशसहित पूर्वविशिष्ट पदाधिकारीले विदेशमा उपचार गर्दा सरकारबाट खर्च नपाउने फैसला गरेको छ । कायममुकायम प्रधानन्यायधीश सपना प्रधान मल्ल, न्यायधीशहरू कुमार रेग्मी, डा मनोजकुमार शर्मा, शारङ्गा सुवेदी र अब्दुल अजीज मुसलमानको संवैधानिक इजालसले आज यसअघि सुविधा पाउने गरी गरी भएको व्यवस्था खारेज हुने फैसला गरेको हो । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार पूर्वपदाधिकारीहरूलाई विदेशमा उपचार गराउदा लागेको खर्च सरकारले व्यहोर्ने नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०७३ को दफा १२ (१) को व्यवस्था खारेज गरिएको हो ।




उक्त कार्यविधिमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख र पूर्वप्रधानन्यायाधीश, पूर्वउपसभामुख, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसहायकमन्त्री, पूर्वसांसद, पूर्वसंवैधानिक निकायका पदाधिकारीको निश्चित सीमा तोकी विदेशमा गराएको उपचार खर्च सरकारले व्यहोर्ने व्यवस्था रहेको थियो । पूर्वविशिष्ट पदाधिकारीको उपचार खर्च कटौती गर्न माग गर्दै विसं २०७९ मा अधिवक्ता राधिका चम्लागाईं र भद्रप्रसाद नेपाल ९स्वागत० रिट निवेदन दायर गर्नुभएको थियो । स्वदेशमा उपचार गर्दा भने सरकारले खर्च दिने व्यवस्था यथावत छ । रासस


सुरक्षित पर्यावरणको माध्यमबाट किराको ब्यस्थापन गरौं ।
आफ्नो स्वस्थ्य बचाउ । उत्पादन बढाउ ।।

प्रसौनी गाउँपालिका
प्रसौनी, बारा

जनहितमा जारी सन्देश

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

आदर्श कोतवाल गाउँपालिका परिवार
मधेश प्रदेश, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# २४ वटा भारतीय इलेक्ट्रिक स्कुटर बरामद, भन्सार छलीको आशंका

***शु.आ. संवाददाता***
***पर्सा, १४ बैशाख***

जिल्ला प्रहरी कार्यालय पर्साले भन्सार छली गरी नेपाल भित्र्याइएका २४ वटा भारतीय इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिएको जनाएको छ । कार्यालयले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै वैशाख महिनाको विभिन्न मितिमा विभिन्न स्थानबाट ती स्कुटरहरू बरामद गरिएको जानकारी दिएको हो ।



प्रहरीका अनुसार भारतबाट अवैध रूपमा भित्र्याइएका उक्त स्कुटरहरू वीरगञ्ज महानगरपालिका तथा आसपासका ग्रामीण क्षेत्रमा प्रयोग भइरहेको अवस्थामा फेला परेका थिए । विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले ती स्कुटरहरू नियन्त्रणमा लिएको हो ।

बरामद गरिएका २४ वटा स्कुटरको अनुमानित मूल्य ९ लाख २० हजार रुपैयाँ रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । ती सवारीसाधनहरूलाई आवश्यक अनुसन्धान तथा थप कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतले जानकारी दिए ।

प्रहरीले भन्सार छलीका गतिविधि नियन्त्रण गर्न निरन्तर निगरानी तथा कारबाही तीव्र बनाइएको उल्लेख गर्दै यस्ता गैरकानुनी कार्यमा संलग्न नहुन सर्वसाधारणलाई आग्रह गरेको छ । साथै, अवैध रूपमा भित्र्याइने सवारीसाधन तथा सामग्रीले राजस्वमा नोक्सानी पुऱ्याउने भएकाले यसविरुद्ध कडा कदम चालिने चेतावनी समेत दिएको छ । स्थानीय तहमा पछिल्लो समय विद्युतीय सवारीसाधनको प्रयोग बढ्दै गएसँगै अवैध आयातको जोखिम पनि बढेको देखिएको छ । सरोकारवाला निकायहरूबीच समन्वय र कडाइ गरिएमा यस्ता गतिविधि नियन्त्रणमा प्रभावकारी परिणाम आउने अपेक्षा गरिएको छ ।

# सशस्त्र प्रहरी बलको नेतृत्वमा नारायणदत्त पौडेल, मन्त्रिपरिषद्को निर्णय

***काठमाडौं, १४ बैशाख***

सशस्त्र प्रहरी बल नेपालको १३औँ महानिरीक्षक (आईजीपी)मा नारायणदत्त पौडेल नियुक्त भएका छन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले हाल अतिरिक्त महानिरीक्षक (एआईजी) पदमा कार्यरत पौडेललाई संगठनको सर्वोच्च नेतृत्व सुम्पने निर्णय गरेको हो ।



हालका आईजीपी राजु अर्याल ४ वर्षे कार्यकाल पूरा गरी १८ वैशाखमा अनिवार्य अवकाशमा जाँदैछन् । उनी अवकाशमा गएलगत्तै पौडेलले औपचारिक रूपमा संगठनको कमाण्ड सम्हाल्नेछन् ।

आईजीपी नियुक्तिका लागि प्रतिस्पर्धामा रहेका एआईजी वंशी दाहाल र गणेश ठाडा मगर भन्दा वरिष्ठता र सेवा प्रवेशको आधारमा पौडेल अगाडि परेका थिए । यसअघि नै उनी प्रमुख दाबेदारका रूपमा हेरिँदै आएका थिए । २०५४ सालमा नेपाल प्रहरीबाट इन्स्पेक्टर पदमा सेवा सुरु गरेका पौडेल पछि सशस्त्र प्रहरी बलमा समायोजन भएका थिए । त्यसपछि विभिन्न जिम्मेवारी सम्हाल्दै उनी २०७९ सालमा एआईजी पदमा बढुवा भएका थिए ।

प्रचलित व्यवस्थाअनुसार ३० वर्षे सेवा अवधिका कारण पौडेल २०८४ साल चैत १८ गतेसम्म संगठन प्रमुखको जिम्मेवारीमा रहनेछन् । यस अवधिमा सीमा सुरक्षा, विपद् व्यवस्थापन र आन्तरिक सुरक्षा सुदृढीकरणमा उनले नेतृत्वदायी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

लामो अनुभव, प्रशासनिक दक्षता र संगठनभित्रको पकडका कारण पौडेलको नियुक्तिलाई सशस्त्र प्रहरी बलको भावी दिशा निर्धारण गर्ने महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

# जनविश्वास नै सरकारको आधारः रवि लामिछाने

***काठमाडौं, १४ बैशाख***

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने ले जनताको विश्वास प्राप्त गर्न सके सरकार सञ्चालन अझ प्रभावकारी र सहज हुने बताएका छन् । उनले नेतृत्व व्यक्तिकेन्द्रित मात्र नभई नीति र कार्यक्रममार्फत जनतासम्म पुग्नुपर्ने धारणा व्यक्त गरे ।




लामिछानेले आफू प्रत्येक नागरिकको घरघरमा पुग्न नसक्ने स्वीकार गर्दै पार्टीको नीति तथा सरकारका कार्यक्रम भने जनस्तरमा पुग्ने विश्वास व्यक्त गरे । "सरकारले जनताको हितमा काम गर्छ भन्ने विश्वासको वातावरण बन्नु सकारात्मक पक्ष हो," उनले भने ।

उनका अनुसार सरकार गठन र पतन लोकतान्त्रिक प्रक्रियाको स्वाभाविक चक्र भए पनि जनविश्वास कायम राख्न सक्ने सरकारको स्थायित्व र प्रभावकारिता उच्च हुने गर्दछ । विगतमा बहुमत प्राप्त सरकारहरू समेत टिक्न नसकेको उदाहरण दिँदै उनले विश्वासको अभावलाई मुख्य कारणका रूपमा औंल्याए ।

परिवर्तनको यात्रामा केही कठिनाइ आउने स्वीकार गर्दै उनले दीर्घकालीन लाभका लागि वर्तमान पुस्ताले केही चुनौती बेहोर्नुपर्ने धारणा राखे । "हामीले केवल एक चुनावदेखि अर्को चुनावसम्म मात्र होइन, पुस्तान्तरणको दृष्टिकोणबाट सोच्नुपर्छ," उनले भने, "भोलिका पुस्ताले आजका जस्ता समस्या भोग्न नपरोस् भन्ने लक्ष्यका साथ काम गर्न आवश्यक छ ।"

उनले जनतामा विश्वासको वातावरण सुदृढ बनाउँदै पारदर्शिता र परिणाममुखी शासनमार्फत राजनीतिक स्थायित्व हासिल गर्न सकिनेमा जोड दिए ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

# वन कार्यालयमा अनियमितताको आरोप, छानबिन माग गर्दै गगन थापालाई खुला पत्र

शु.आ. संवाददाता
रौतहट , १४ बैशाख

चुरे तथा वनजङ्गल संरक्षण अभियानले रौतहट डिभिजन वन कार्यालयमा देखिएको भनिएको अनियमितता र भ्रष्टाचारबारे हस्तक्षेप गर्न आग्रह गर्दै नेपाली कांग्रेसका सभापति गगनकुमार थापालाई खुला पत्र सार्वजनिक गरेको छ । अभियानका अध्यक्ष सुनिल कुमार यादवद्वारा प्रेषित पत्रमा मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण प्रसाद यादव र वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरीमाथि विषयप्रति बेवास्ता गरेको आरोप लगाइएको छ । अभियानले प्रदेश सरकारका जिम्मेवार निकायले मौनता अपनाउँदा अनियमितता झनै बढ्दै गएको दाबी गरेको छ । खुला पत्रमा रौतहट डिभिजन वन कार्यालयका डिभिजन वन अधिकृत (डीएफओ) हेमन्त साहमाथि विभिन्न गम्भीर आरोपहरू उल्लेख गरिएको छ । यसअघि महोत्तरी जिल्लामा कार्यरत रहँदा पनि उनीमाथि भ्रष्टाचारसम्बन्धी अनुसन्धान भएको दाबी अभियानले गरेको छ ।




अभियानका अनुसार काठ लिलाम प्रक्रियामा मिलेमतो, सामुदायिक वनको बजेट दुरुपयोग, अवैध काठ कटानी, प्रमाण मेटाउन आगजनी जस्ता गतिविधि तथा वनसम्बन्धी संरचना निर्माणमा आर्थिक चलखेल भएको आशंका गरिएको छ । साथै वन क्षेत्रको दोहन, काठ तस्करी तथा सरुवा प्रक्रियामा समेत अनियमितता भएको आरोप पत्रमा समेटिएको छ ।

यस्ता गतिविधिले चुरे क्षेत्रको संरक्षणमा गम्भीर असर परेको उल्लेख गर्दै अभियानले तत्काल उच्चस्तरीय छानबिन समिति गठन गर्न माग गरेको छ । साथै स्थलगत अनुगमन, आर्थिक अडिट, बैंक कारोबार विवरणको छानबिन तथा संलग्न कर्मचारीमाथि कानुनी कारबाही अघि बढाउन आग्रह गरिएको छ ।

अभियानले छानबिन प्रक्रिया छिटो अघि नबढाइए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी समेत दिएको छ । वन क्षेत्रको संरक्षण र पारदर्शिता सुनिश्चित गर्न सरोकारवाला निकायले गम्भीर ध्यान दिनुपर्ने आवश्यकता औंल्याइएको छ ।

# मौलापुर विवाद चर्किंदैः मेयर रिना साहद्वारा हस्तक्षेप नगर्न आग्रह, आन्दोलनको चेतावनी

***शु.आ. संवाददाता***
***रौतहट, १४ बैशाख***

रौतहटको मौलापुर नगरपालिकामा सञ्चालन हुँदै आएका जनमुखी कार्यक्रमको भुक्तानी रोकिएपछि स्थानीय तह र संघीय संरचनाबीचको विवाद चर्किँदै गएको छ । नगरपालिकाकी मेयर रिनाकुमारी साहले प्रधानमन्त्री वालेन्द्र शाह लाई लक्षित गर्दै मौलापुरमा अनावश्यक हस्तक्षेप नगर्न सार्वजनिक रूपमा आग्रह गरेकी छन् ।




नगरपालिकाले सञ्चालन गर्दै आएको 'फ्रि बिजुली, फ्रि पानी' तथा छोरीको विवाहमा नगद सहयोगजस्ता कार्यक्रमको भुक्तानी प्रमुख प्रशासकीय अधिकृतले "माथिको आदेश" भन्दै रोकेको बताइएपछि मेयर साह असन्तुष्ट बनेकी हुन् । उनले यसलाई स्थानीय सरकारको अधिकारमाथि हस्तक्षेपको प्रयासका रूपमा व्याख्या गरेकी छन् ।

मेयर साहका अनुसार नगरबासीले नियमित रूपमा पाउँदै आएका सेवा सुविधा अचानक रोकिनु गम्भीर विषय हो । "संविधानले दिएको अधिकारअनुसार स्थानीय सरकारले काम गर्न पाउनुपर्छ, बाह्य हस्तक्षेप स्वीकार्य छैन," भन्दै उनले संघीय सरकारप्रति असन्तुष्टि व्यक्त गरिन् । साथै उनले प्रधानमन्त्रीलाई स्थानीय तहको स्वायत्तता सम्मान गर्न आग्रह गर्दै यस्ता गतिविधि तत्काल रोक्न माग गरिन् । उनले प्रमुख प्रशासकीय अधिकृतको कार्यशैलीमाथि पनि प्रश्न उठाउँदै बैठकको कार्यसूची आफैं निर्धारण गर्ने र निर्णय प्रमाणीकरणको प्रक्रिया समेत कानुन विपरीत ढंगले अघि बढाइएको आरोप लगाइन् । यसप्रकारका गतिविधि तत्काल सच्याउनुपर्ने उनको भनाइ छ ।

मौलापुर नगरपालिका विगत केही वर्षदेखि यस्ता जनमुखी कार्यक्रमका कारण चर्चामा रहेको छ, जसलाई अन्य स्थानीय तहहरूले समेत अनुकरण गर्दै आएका छन् । मेयर साहले यी कार्यक्रम कुनै पनि हालतमा निरन्तर सञ्चालन गरिने बताउँदै समस्याको समाधान चाँडै निस्किने विश्वास व्यक्त गरिन् ।

यता, भुक्तानी रोकिएपछि स्थानीय स्तरमा असन्तोष बढ्दै गएको छ । प्रभावित सेवाग्राहीहरूको सहभागितामा संघर्ष समिति गठन गरिएको छ, जसले चरणबद्ध आन्दोलनको घोषणा गरेको छ । समितिले वैशाख १३ गतेदेखि टोल-टोलमा अन्तरक्रिया तथा हस्ताक्षर संकलन सुरु गरिसकेको छ । साथै वैशाख १५ गते प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाउने, वैशाख २१ गते विरोध प्रदर्शन गर्ने र जेठ ४ गतेदेखि नगरपालिकामा तालाबन्दी गर्ने कार्यक्रम सार्वजनिक गरिएको छ ।

स्थानीय तह र संघीय सरकारबीचको समन्वय अभावले उत्पन्न भएको यो विवाद समाधानतर्फ नलागे थप जटिल बन्न सक्ने संकेत देखिएको छ ।

**देवताल गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठ, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका